# नेपाल राष्ट्र बैंक

## प्रेस समाचार

### डेपुटी गभर्नर शिबराज श्रेष्ठ FATF सभा तथा छलफलमा सहभागी

डेपुटी गभर्नर श्री शिबराज श्रेष्ठ Financial Action Task Force (FATF) को यही सन् २०१७ फेब्रुअरी १८ देखि २४ सम्म फ्रान्सको राजधानी पेरिसमा सम्पन्न Plenary मा सहभागी भई २०१७ फेब्रुअरी २६ मा नेपाल फर्कनु भयो । नेपाली प्रतिनिधि मण्डलको नेतृत्व गर्दै जानु भएका श्री श्रेष्ठले Plenary लगायत FATF अन्तर्गतका Policy & Development Group, Evaluation & Compliance Group, International Cooperation Review Group, Risk, Trends & Methods Groups का विविध बैठकमा सहभागी हुनु भयो । फ्रान्सका Economy and Finance Minister, Mr. Michel Sapin ले




सम्बोधन गर्नु भएको उक्त Plenary ले Sweden को Mutual Evaluation Report उपर वृहद छलफल गरी पारित गरेको, Brazil / South Africa को प्रगति प्रतिवेदन उपर छलफल गरेको, उच्च जोखिम देखिएका २ देशलाई Public Statement/Black List मा राखेको, १० मुलुकलाई Monitoring मा राखेको र एक मुलुकलाई अनुगमनबाट बाहिर लाने प्रस्ताव स्वीकार नगरी पुन: Observation मा राख्ने निर्णय गरेको थियो ।

सो अवसरमा डेपुटी गभर्नर श्री श्रेष्ठ र विभिन्न मुलुक र अन्तर्राष्ट्रिय संस्थाबीच समेत छुट्टाछुट्टै भेटघाट भएको थियो । Asia Pacific Group on Money Laundering (APG) का कार्यकारी सचिव Dr. Gordon Hook सँग भएको छुट्टै भेटघाटमा श्री श्रेष्ठले नेपाललाई APG ले विगतमा गरेको सहयोग सहानिय रहेको र आगामी दिनमा पनि त्यस्तो सहयोग कायम रहने विश्वास व्यक्त गर्नु भयो । उहाँले नेपालमा हाल भइरहेको स्व:मुल्यांकन लगायत नियमन, निरीक्षण, सुपरिवेक्षण र अनुसन्धान क्षेत्रमा भएका प्रगतिका बारेमा प्रकाश पार्दै यस प्रणालीबाट नेपालले कसरी अधिक फाइदा लिन सक्छ र आगामी मुल्यांकनमा नेपालको अवस्था कसरी थप मजबुत हुनसक्छ भन्ने कुरालाई जोड दिएको बताउनु भयो । कार्यकारी सचिव Mr. Hook ले नेपाललाई सक्दो सहयोग गर्न APG हरसंभव तत्पर रहेको बताउँदै Asia Pacific क्षेत्रमा हाल देखिएको अवस्था र प्रभावकारितामा आधारित आगामी मुल्यांकनमा सबै मुलुकको उल्लेख्य प्रगति हुन जरुरी रहेकोमा नेपाल स्व: मुल्यांकन जस्ता कार्यमा अघि बढेकोमा प्रशंसा गर्नु भयो । सो सन्दर्भमा डेपुटी गभर्नर श्री श्रेष्ठले नेपालले यस प्रणालीलाई सुशासनको अभिन्न अङ्गको रुपमा अगाडि बढाएको बताउनु भयो ।

त्यस्तै, डेपुटी गभर्नर श्री श्रेष्ठ र FATF, International Cooperation Review Group का Mr. Kevin Vandergrift तथा Ms. Lia Umans सँग भएको छुट्टै भेटघाटमा सम्पति शुद्धीकरण निवारणमा विश्वमा हुँदै गएको प्रगति, चुनौति र भावी कार्यदिशाका बारेमा छलफल भयो । यस सिलसिलामा वर्तमान अवस्था र FATF/ICRG ले गरिरहेको Compliance Monitoring, ICRG Process र Public Statement/Black List आधार सम्बन्धमा छलफल गरियो । डेपुटी गभर्नर श्री श्रेष्ठ र World Bank का Senior Financial Sector Specialist Mr. Kuntay Celik सँग भएको भेटघाटमा स्व:मुल्यांकन पश्चात गर्न लागिएको National Strategy र Risk Assessment and Implementation Framework Development मा नेपाललाई विगतमा जस्तै सहयोग गर्न अनुरोध गर्नु भएकोमा World Bank ले सो कार्यमा आफू सहयोग गर्न तत्पर रहेको बताउनु भयो ।

नेपाली प्रतिनिधि मण्डलमा अर्थ मन्त्रालयका सहसचिव द्वय श्री आनन्दराज ढकाल, श्री उदयराज सापकोटा, सम्पत्ति शुद्धीकरण अनुसन्धान विभागका उपप्रमुख सहसचिव श्री गजेन्द्रकुमार ठाकुर, अर्थ मन्त्रालयका उपसचिव श्री रमेश अर्याल र नेपाल राष्ट्र बैंक वित्तीय जानकारी इकाईका उपनिर्देशक श्री हरिकुमार नेपाल समेतको सहभागिता रहेको थियो ।

२०७३ फागुन १७, मंगलबार

गभर्नरको कार्यालय